नवदुर्गा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
(सामान्य प्रशासन शाखा)
मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

## कर्मचारी करार सेवामा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०५/३०)

यस गाउँपालिका अन्तर्गत आधारभुत स्वास्थ्य सेवा केन्द्र चामाचौडका लागि तपसिलको विज्ञापनमा उल्लेखित पदमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले ईच्छुक आवेदकहरुलाई सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा तोकिएको दस्तुर बुझाई दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम यस नवदुर्गा गाउँपालिकाको स्वास्थ्य शाखा शाखाबाट प्राप्त गर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| विज्ञापन नं. | पद | तह | माग पद संख्या | परिक्षाको किसिम |
|---|---|---|---|---|
| १/८१-८२ | अनमि | सहयाक चौथो | १ (एक) | लिखित तथा अन्तर्वार्ता |

**परीक्षा केन्द्रः-** नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, मणिलेक डडेल्धुरा ।

**आवश्यक न्यूनतम योग्यताः** नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक सँस्थाबाट अनमी कोर्ष उत्तीर्ण गरि नेपाल नेपाल नर्सिंग काउन्सिलमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

**दरखास्तको माध्यमः-** ईच्छुक आवेदकले तपशीलमा उल्लेख भए बमोजिमको परीक्षा दस्तुर रकम जम्मा गरेको भौचर/रसिद साथ तोकिएको मितिमा हालसालै खिचिएको पासपोर्ट साइजको २ प्रति फोटो, शैक्षिक योग्यताको प्रमाणपत्रहरु, नेपाली नागरिकताको प्रमाणपत्र, अनुभव आदिको प्रमाणपत्रको स्वयंद्वारा प्रमाणित प्रतिलिपिहरु साथ राखी रीतपूर्वको आवेदन फारम भरी यस गाउँपालिकामा आवेदन दिनुपर्नेछ ।

**उम्मेदवारको उमेर हदः-** दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मितिः-** २०८१/०६/१३ गते कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक विदा परेमा, सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र ।

**दरखास्त दस्तुरः-** रु.४००/- (अक्षेरुपि चार सय मात्र)

**दरखास्त दस्तुर बुझाउने स्थानः-** नवदुर्गा गाउँ कार्यपालिकाको कार्यालय, आर्थिक प्रशासन शाखा, मणिलेक, डडेल्धुरा ।
**सम्पर्क मितिः-** २०८१/०६/१४ गते सोमबार।
**परीक्षा मिति :-** सम्पर्क मितिको दिन तोकिनेछ।
**तलब स्केल तथा सुविधाः-** गाउँ कार्यपालिकाको निर्णय अनुसार ।

**पुनश्चः** सूचनामा उल्लेख भए बाहेकका अन्य विषयमा परिक्षा पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ र परिक्षा पदपूर्ति समितिको निर्णय अन्तिम हुनेछ।

**नोटः** थप जानकारीका लागि ९८५८७८६७०१ वा ९८५८७४५४३० मा सम्पर्क गर्न सक्नु हुनेछ ।

अमित कुमार शाह
प्रमुख प्रशासकीय अधिकृत

अमित कुमार साह
प्रमुख प्रशासकीय अधिकृत